# राजापुर नगरपालिका योजना अनुगमन प्रतिवेदन

## आ.व. २०८०/०८१

पेश गर्ने

राजापुर नगरपालिका

योजना अनुगमन तथा सुपरीवेक्षण

# धन्यवाद मन्तव्य

राजापुर नगरपालिकाले अंगिकार गरेको **"कृषि, पर्यटन उद्योग र भौतिक पुर्वाधार–समावेशी समृद्ध राजापुरको मूल आधार"** लक्ष्य हासिल गर्न विकासका योजना, नीति तथा कार्यक्रमको कार्यन्वयन पक्ष सबल हुन जरुरी छ । छोटो समयावधिमा विकासका लक्ष्यहरु हासिल गर्न तथ्यमा आधारित नीति, योजना र कार्यक्रम तय गर्नु जरुरी भइसकेको छ । योजनाको प्रभावकारी कार्यान्वयन र तथ्यमा आधारित नीति निर्माणको लागि अनुगमन तथा मूल्याङ्कले महत्वपूर्ण भूमिका खेल्दछ । वर्तमान संघीय संरचना अनुरुप नगरपालिकाको विभिन्न तहमा हुने अनुगमन तथा मूल्याङ्क पद्धतिलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि रहेको छ । नगरपालिकाको आवधिक विकार योजनाको लक्ष्यले तोकेको परिणाम प्राप्त  गर्नको लागि समेत अनुगमन तथा मूल्याङ्कन प्रणालिमा थप सुधार र परिमार्जन गर्न यस प्रतिवेदनले सघाउ पुचाउनेछ। प्रस्तुत सन्दंभमा तयार भएको अनुगमन प्रतिवेदनले नगरपालिका लगायतका निकायलाई अनुगमन तथा मूल्याङ्कन कार्यमा ठोस मार्गदर्शन प्रदान गर्ने तथा भावी दिनमा तर्जुमा गरिने योजनाको लक्ष्य, उद्देश्य र रणनीति तयार गर्नको लागि आधार तयार गर्नेछ । साथै यस प्रतिवेदनले सङ्घीय तहको अनुगमन एवम् मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाई विकार कार्यक्रम आयोजनाहरुको अनुगमनको पनि अनुगमन गर्न महत्वपूर्ण योगदान पुचाउनेछ। यस प्रतिवेदनको कार्यन्वयन पक्षको प्रभावकारी अनुगमन नगरकार्यपालिकाले गर्नेछ । साथै यस प्रतिवेदन तयार गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न हुने योजना शाखा प्रमुख श्री रमेश कुमार पोखेल लगायत अन्य प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने जनप्रनिनिधिहरु,कर्मचारीहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।

मनकला कुमारी चौधरी

संयोजक, अनुगमन तथा सुपरीवेक्षण समिति

राजापुर नगरपालिका

# विषय सुची

**भाग १ :**

परिचय

१.१ पृष्ठभुमी. .................................................................. १

१.२ अनुगमनको उद्धेश्य ..................................................................२

१.३ अनुगमनको ढाँचा एवं विधि ..................................................................३

१.४ अनुगमनको सिमा .............................................................. ३ – ४

**भाग २ : तथ्य र तथ्याङ्कको प्रस्तुती,विश्लेशण र व्याख्या.**

२.१ फिल्ड भ्रमण तथा अवलोकनको सारांस ..........................................................४

२.१.१ न्यायिक समिति ...............................................................५

२.१.२ खानेपानि .................................................................६

२.१.३ सिचाइ ..............................................................७

२.१.४ सडक /झलुङ्गे/ट्स पुल निर्माण ...............................................................८

२.१.५ फोहोरमैला व्यवस्थापन ...............................................................९

२.१.६ वातावरण तथा जलवायु परिवर्तन ................................................................९

२.१.७ आवास तथा भवन ...............................................................१० – १२

२.१.८ ऊर्जा एवं विद्युतिकरण ...............................................................१३

२.१.९ पर्यटन प्रवर्द्धन एवं सांस्कृतिक सम्पदा ...............................................................१३

२.१.१० कृषि विकास शाखा ..............................................................१४ – १७

२.१.११ पशु सेवा शाखा ..............................................................१८ – १९

२.१.१२ आर्थिक विकास शाखा ................................................................२०

२.१.१३ रोजगार सेवा केन्द ...............................................................२१ – २५

२.१.१४ महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा ...................................................२६

२.१.१५ युवा तथा शिक्षा शाखा .....................................................२६

२.१.१६ स्वास्थ्य शाखा ..............................................................२६

**भाग ३ : प्रमुख उपलब्धीहरु . ..........................................................२७**

**भाग ४ : प्रमुख समस्याहरु ..............................................................२७**

**भाग ५ : सिकाईहरु ............................................................२८**

**भाग ६ :निर्ष्कष र सुझावहरु ..........................................................२८– २९**

अनुसूचिहरु ..............................................................३०– ३६

१. अनुगमन पदाधिकारीहरु

२. स्थलगत अनुगमन केही तस्वीरहरु

# भाग १ : परिचय

## १.१ पृष्ठभुमी

योजना, नीति, कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा स्रोत साधनको प्रवाह समुचित ढंगले भएको छ कि छैन र कार्य तालिका अनुसार क्रियाकलापहरुको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ छैन भनि विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेका व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई अनुगमन भनिन्छ । विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा अनुगमन तथा मुल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ । विकासमा गरिएका लगानीको प्रतिफल मापन गर्ने र सेवाग्राहिको जीवनस्तरमा त्यसले पारेको असर तथा प्रभाव आंकलन गरी उत्तदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न यसको थप महत्व छ । विगतका अनुभवबाट पाठा सिक्दै भावी नीति तथा कार्यक्रमलाई तथ्यपरक र नतिजामूखी बनाउन यस्तो व्यवस्था प्रभावकारी हुनुपर्दछ । नतिजामूखी अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्ने क्रममा नेपाल सरकारले राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७० जारी गरि कार्यान्वयनमा ल्याएको थियो । नयाँ संविधान जारी भएपछि सङ्घ, प्रदेश तथा स्थानीय तहमा भएको पुनःसंरचना अनुरुप स्थानीय तहमा सञ्चालित योजना तथा परियोजनाहरुको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन यसको सफल अभ्यास हुँदै आइरहेको छ । यसै सन्दर्भमा राजापुर नगरपालिकाले पनि योजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिमा योजनाको अनुगमन तथा मूल्याङ्कन पश्चात अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा छलफल गर्नुपर्ने प्रावधान भए बमोजिम अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको अपरिहार्यता झल्किन्छ । तसर्थ यस प्रतिवेदनमा अनुगमन गर्दा अपनाउनुपर्ने विधि, प्रक्रिया। सूचक तथा सूचनाका स्रोतहरु, संस्थागत व्यवस्था र सूचनाको प्रयोग सम्बन्धि विषयलाई समेटेको छ । प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउन यसलाई सहभागितमूलक बनाउन आवश्यक छ । नगरपालिकाको विकास सम्बन्धि नीति, योजना , कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्न, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन प्रणालीको विकार गरी तिनलाई नगरपालिकाका विभिन्न तहहरुमा लागू गरी संस्थागत गर्न, मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरु र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्याङ्कन गर्न, गराउन र सोको आधारमा नगरपालिकाको नीति तथा कार्यान्वयनमा सुधार गर्नुका साथै अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास समेत गर्ने उद्देश्य लिई यो प्रतिवेदन तयार पारिएको

## १.२ अनुगमनको उद्देश्यः

अनुगमनले संचालित योजना, आयोजना तथा क्रियाकलापहरुलाई व्यवस्थित, सरल, नतिजामूलक विश्वसनीय र प्रभावकारी बनाई नीति निर्णय प्रक्रियालाई तथ्यपरक बनाउनुका साथै पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्न सहयोग गर्ने मूल उद्देश्य लिएको छ ।

- कार्यक्रम /आयोजना कार्यान्वयन चरणमा लगानी, क्रियाकलाप, प्रक्रिया र प्रतिफल सूचकहरुको आधारमा कार्यसम्पादन भए नभएको निर्धारण गर्ने ।
- कार्यक्रम /आयोजना कार्यान्वयन चरणमा सम्पन्न भएपछि उक्त कार्यक्रम/ आयोजनाको निर्धारित आयुसम्म निरन्तर सञ्चालनको लागि आवश्यक पर्ने स्रोतसाधन तथा मर्मत सम्भार निश्चित गर्न ।
- कार्यक्रम /आयोजनाको आवश्यकता तथा सुनिश्चितता निर्धारण गर्न, कार्यक्रम /आयोजनाको पूर्ण विवरण स्पष्ट गर्न र सूचकहरु निर्धारण गर्न
- कार्यक्रम /आयोजनाको प्रगतिको समीक्षा गर्न, पूर्वनिर्धारित कार्ययोजनामा परिमार्जन गर्न वा सञ्चालन ढाँचामा आवश्यक परिवर्तन गर्न ।
- कार्यक्रम /आयोजनाको कार्यक्षमता, प्रभावकारिता र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न र  कार्यक्रम /आयोजना सम्पन्न भएपछि थप कार्य (follow-up) आवश्यक रहेको वा नरहेको निर्क्यौल गर्न ।
- सञ्चालित कार्यक्रम/ आयोजनाको प्रभाव र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न, भविष्यमा कार्यक्रम आयोजनाको तर्जुमा र कार्यान्वयन गर्दा सुधार गर्नका लागि सिकाइ र सुझावहरु प्राप्त गर्नका लागि ।
- योजना कार्यान्वयनको विभिन्न चरणमा गरिने अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उचित समयमा सम्बोधन गर्न ।

## १.३ अनुगमनको ढाँचा एवमं विधि

आयोजना कार्यान्वयन प्रक्रियालाई पारदर्शी तथा उत्तरदायी बनाउन सेवा प्रदायक र सेवाग्राहिको सहभागितामा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ । सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनले संस्थागत सिकाइ अभिवृद्धि गर्ने, सरोकारवालाको धारणा बुझि आयोजनामा सुधार गर्ने र प्रभाव मूल्याङ्कन गरी सार्वजनिक उत्तरदायित्व वा जवाफदेहिता अभिवृद्धि गर्ने गर्दछ । साथै यसबाट सरोकारवालालाई आयोजनाको अवस्थाको जानकारी हुन गई समय मै प्रतिफल प्राप्तिमा सहयोग पुग्ने हुन्छ । तसर्थ राजापुर नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले नगरपालिका, वडा र अन्य निकायहरुबाट सञ्चालित क्रियाकलाप, आयोजना र योजनाको अनुगमनका लागि विभिन्न ढाँचा एवमं विधिहरु प्रयोग गर्दै आइरहेको छ ।

विकास आयोजनाहरुको प्रगति विवरण वा सूचनाका आधारमा गरिने समीक्षा अपर्याप्त भएमा वा अनुगमन गर्ने निकायले कार्यथलोमा गई आफ्नै आँखाले तथ्य एकिन गर्न वा आयोजनाको व्यवस्थापन लगाएत सम्बद्ध सरोकारवालाहरुको धारणा सङ्कलन गरी कार्यान्वयनमा आउनसक्ने समस्या समयमै पहिचान तथा समाधान गर्न आवश्यक देखेमा स्थलगत निरीक्षण गर्नुपर्दछ । बुँदागत रुपमा आयोजनाको स्थलगत अनुगमन निरीक्षणका लागि देहाय बमोजिमका क्रियाकलापहरु गर्ने गरिएको छ :–

क) आयोजनाबाट प्राप्त प्रगति प्रतिवेदनको सत्यता एकिन गर्न वास्तविकता अवलोकन गरिएको ।

ख) आयोजना कार्यान्वयनका क्रममा आइपरेका समस्याहरुबारे जानकारी लिने गरिएको ।

ग) समस्या समाधानमा सहयोग गर्ने, आयोजना निर्माण स्थलमा नै निर्देशन दिने, समस्या समाधानका लागि व्यवस्थापनले गरेका प्रयासबारे जानकारी लिने, समस्या समाधानका निमित्त समन्वय गर्ने एवमं विभिन्न विकल्पहरु पहिचान गर्ने र समस्या तथा समाधानका विकल्पका बारेमा निर्णयकर्तालाई जानकारी गराउने ।

घ) आयोजनाका सम्बन्धमा लाभग्राही वर्ग लगायत अन्य पक्षको धारणाबारे जानकारी लिने

ङ) आयोजना र अन्य पक्षबिच कुनै विवाद परेमा समाधानका लागि सहयोग गर्ने ।

अनुगमन तथा सुपरीवेक्षण समितिले निर्धारित रुजुसूची(check list) को आधारमा सेवाग्राहीहरुसँगै व्यवस्थित तरिकाले स्थलगत भ्रमण गरी नक्सामा रहेका सूचनाको सत्यता एकिन गर्ने गरेको छ । यस्तो भ्रमणले स्थानीय समुदायसँग सम्बन्ध स्थापित गर्न, नक्सामा उल्लेख गरिएका पक्षहरुलाई पुष्ट्याई गर्न स्थानीयबासिहरुका विकास कार्यका समस्या र समाधानका उपायका बारेमा अवगत गर्न मद्दत पुगेको छ । अनुगमन, निरीक्षण तथा अवलोकनका क्रममा निम्नानुसारका विधिहरु अपनाइएको थियो ।

क) स्थलगत अनुगमन, निरीक्षण तथा अवलोकन

ख) आयोजनासँग सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीहरुसँग छलफल र अर्न्तक्रिया

ग) नगरपालिकामा क्रियाशिल राजनितिक दलका पदाधिकारी लगायतका अगुवाहरुसँग अर्न्तक्रिया

घ) आयोजनाको उपभोक्ताहरुसँगको अर्न्तक्रिया र छलफल

## १.४ अनुगमनको सिमा

- महत्वाकांक्षी योजनाहरुको वाहुल्यता भएकाले सम्पूर्ण योजनाहरुको अनुगमन प्रभावकारी हुन नसक्नु ।
- योजनाको प्रभाव मूल्याङ्कनका लागि दक्ष जनशक्तिको अभाव ।
- आयोजना तर्जुमा प्रक्रियामा नै कम गुणस्तर खालका योजना तर्जुमा हुने गरेकाले नतिजा प्राप्ति गर्न कठिन ।
- योजनाको अनुगमन प्रक्रिया सहज नभइ खर्चिलो एवमं बढी समयको खपत हुने हुँदा समय खर्चिएर अनुगमन गर्न नसकिनु ।
- कठिन भौगोलिक अवस्था र उपभोक्ता समितिहरुबाट सृजना हुने अनावश्यक दवाबले योजना अनुगमनमा सृजनात्मकता नभई तनावको वातावरण सृजना हुने ।

# भाग २: तथ्य र तथ्याङ्कको प्रस्तुती, विश्लेषण र व्याख्या

## २.१ फिल्ड भ्रमण तथा अवलोकनको सारांश

राजापुर नगरपालिकाबाट आ.व २०८०/८१ मा सडक निर्माणको लागि प्रस्तावित योजनाहरु उपभोक्ता समिति,कोटेशन र ठेक्का प्रक्रियाबाट निर्माण व्यवसायी मार्फत निर्माण कार्य भइरहेका छन् । तीन लाख भन्दा बढी बजेट विनियोजन भई निर्माण सम्पन्न भएका अधिकांश सडक आयोजनाहरु डिजाइन र लागत अनुमान बमोजिम निर्माण भएपनि सडक निर्माणका लागि चाहिने आधारभूत मापदण्डहरु पूरा भएको देखियो । निर्माण सम्पन्न योजनाहरु सूचीकृत भारी उपकरणको प्रयोग गरी निर्माण सम्पन्न गरिएको देखिएकोले आगामी दिनमा उपभोक्ता समिति मार्फत निर्माण गरिने सडक स्थानीय निर्माण औजारहरुको प्रयोग गरी निर्माण गर्नुपर्ने देखिन्छ । यसका अतिरिक्त प्रत्येक वडाबाट सडक निर्माणका लागि प्राथमिकता निर्धारण गरी सडक निर्माणका लागि माग आउने गरेको र माग अनुरुप बजेट विनियोजन हुन नसक्दा गुणस्तरीय सडक निर्माण हुन नसकेको देखिन्छ

कतिपय सडक योजनाहरुको बजेट विनियोजनमा दोहोरोपना (संघ, प्रदेश र स्थानीय तह) हुँदा अनुगमनमा समस्या पर्ने गरेको छ । पचास प्रतिशत योजना निर्माणस्थलमा योजना सूचना पाटी नराखिएको देखिएकाले आगामी दिनमा योजना निर्माणको सुरुवात देखिनै योजना निर्माण स्थलमा सूचना पाटी राख्नु पर्ने देखिन्छ

उपभोक्ता समितिहरुले निर्माण कार्यको प्रारम्भ देखिनै प्राविधिकको सल्लाह सुझाव अनुरुप योजना कार्यान्वयनको सुरुवात भएकोले डिजाइन र लागत अनुमान बमोजिम काम भएको, काममा अन्यौल नभएको पाइएकोले आगामी दिनमा प्राविधिकको निगरानीमा काम सञ्चालन गर्नुपर्ने देखिन्छ । निर्माण व्यवसायी मार्फत निर्माण सम्पन्न भएका सडक योजनाहरुमा प्रयोग भएका समाग्री कम गुणस्तरका देखिन आएको र तोकिएको समयमा

निर्माण सम्पन्न नभएको देखिन आएकोले आगामी दिनमा यसलाई सुधार गर्नु पर्ने देखिन्छ । अनुगमन गरिएका सडक स्तरोन्नती निर्माण योजनाहरुको भौतिक प्रगति ८५ देखि १०० प्रतिशत भएको देखिन्छ प्रतिवेदन अवधिमा कुनै पनि प्रकारको पुलहरु निर्माण कार्यको अनुगमन नभएकोले यहाँ उल्लेख गरिएको छैन

## २.१.१ न्यायिक समिति

| क.सं | योजनाको नाम | योजना स्थाल ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु. | कुल खर्च रु | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|---|
| १. | मनोपरामर्श सम्बन्धी तालिम | वडा ४ | २०८०।११।०२ | २०००००। | १६६२५०। | ८३ | जनप्रतिनिधि सहितको तालिम सहभागी हुदाँ प्रभावकारी रहेको ब्यवस्थापन केहि समस्या रहेता पनि आगामी दिनमा सुधार गदै लैजानु पर्ने देखिन्छ |
| २. | मेलमिलाप तथा कानुन सम्बन्धी तालिम | वडा ४ | २०८०।१२।२० | २२५०००। | १९२६५२। | ८५ | कार्यक्रम प्रभावकारी भएको लक्ष्यबमोजिम काम सम्पन्न भएको देखिन्छ |
| ३. | मेलमिलाप केन्द्र सन्चालन | | २०८१।०२।१४ | २५००००। | २१००९९। | ८३ | |

राजापुर नगरपालिकाको आ.व. ०८०।०८१ संचालन भएका योजना करिब ८३ प्रतिशत प्रगति भएको देखिन्छ । आगामी दिनहरुमा न्यायिक समितिका कार्यक्रमलाई प्रभावकारी रुपमा लैजानु पर्ने छ । प्रत्यक्ष रुपमा समुदायहरुले आफनो गाँउ वडाबाट सेवा लिनका लागी सहजीकरण हुने देखिन्छ ।

## २.१.२ खानेपानी

| क.सं | योजनाको नाम | योजना स्थाल ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु. | खर्च रकम रु. | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|---|
| १. | पूर्ण सरसफाई वडा घोषणा | वडा नं.३ र ६ | २०८१।०२।१५ | | | १०० | RKJS संस्था बाट सहयोग आर्थिक |
| २. | शुद्ध पिउने पानिको ब्यवस्थापन | वडा नं४ | २०८१।०३।२४ | ७६७३११।०५ | ७५३७३७।६७ | १०० | |
| ३. | दिगाजन्य लेदोब्यवस्थापन तालिम | रा.न.पा. | **२०८१।०२।१२** | **१०००००।** | **९३,८००।** | **९४** | |
| ४ | **राजापुर बजार सरसफाई उ स** | **वडा नं४** | **२०८१।०३।२३** | ३००५१२ | २६७६३७ | १०० | |

राजापुर नगरपालिका र वडा कार्यालयबाट खानेपानीको निर्माण र मर्मतका लागि प्रयाप्त बजेट विनियोजन नभएकोले एक घर एक धारा निर्माणको अवधारणा अनुरुप निर्माण सम्पन्न नभएका, निर्माण सामाग्रीमा बाह्य निर्माण सामाग्रीको गुणस्तर कम हुने गरेको, प्रस्तावित गरिएको योजना र निर्माण हुने योजनामा अन्तर रहेको देखिएको छ ।

समुदायको वास्तविक आवश्यकता भएको योजनामा गुणस्तरीय काम भएको र कम आवश्यकता भएको योजनामा कामको गुणस्तर कम भएको देखिएको छ । खानेपानी सरसफाईका समाग्रीका लागी बजेट नहुदाँ सामाग्री खरिद नगरिएको पाइएको छ। अनुगमन सम्पन्न भएका योजनाहरुको भौतिक प्रगति ९० देखि १०० प्रतिशत सम्म भएको देखिन्छ ।

## २.१.३ सिंचाई

| क.सं | योजना को नाम | अनुगमन मिति | विनियोजित बजेट रु. | खर्च रकम रु. | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| १ | दुर्गानगर कुलो सरसफाई | 2080-12-27 | 244539.70 | 240817.24 | १०० | |
| २ | नयाँगाउँ सिचाई शाखा कुलो मर्मत | 2081-02-07 | 334358.48 | 334358.48 | १०० | |
| ३ | ५ नं. वडाको मुल कुलो सरसफाई (बदालपुर शाखा ) | 2080-12-26 | 167984.56 | 127645.85 | १०० | |
| ४ | सिंचाई कुलोको मुहान सरसफाई वडा न ९ | 2081-02-20 | 303008.11 | 241416.56 | १०० | |
| ५ | खैरीकुलोको मुख्य मुहान सरसफाई वडा नं. १० | 2080-11-17 | 725367.39 | 593420. | १०० | |
| ६ | मानपुर टपरा कुलोको मुहान सरसफाई | 2080-12-30 | 719804.80 | 706509.47 | १०० | |

प्रत्यक्ष रुपमा किसानहरुलाई सिचाई गर्न सहज भएको साथै उतपादन बृद्धिमा सहज हुने देखिन्छ। ९० देखि १०० प्रतिश प्रगति भएको अवस्था रहेको छ। प्रतिवेदन अवधिमा कुनै पनि प्रकारको पुलहरु निर्माण कार्यको अनुगमन नभएकोले यहाँ उल्लेख गरिएको छैन।

## २.१.४ सडक/झोलुङ्गे/ट्रस पुल निर्माण

| क.सं | योजनाको नाम | अनुगमन मिति | विनियोजित बजेट रु. | खर्च रकम रु. | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| १ | वडा नं.३ वडा कार्यालय जोडने सडक स्तरउन्ती | २०८१।०३।२१ | ३४४६७०२।९२ | ३३५२२४८।३५ | १०० | |
| २ | वडा नं.२को चैनपुर देखि गेरुवा र राजापुरको सिमाना सम्म क्रमागत सडक कालोपत्र | २०८१।०३।२१ | ९२९९६९६।७१ | ३०९५३६९।१७ | ८७ | |
| ३ | वडा नं.१ झबही टिउनी हुदै दौलतपुर रिडगरोड सम्मको सडक स्तरोउन्नती | २०८१।०३।२१ | २६२५४९११।६२ | २०५०९१०।२१ | ८७ | |
| ४ | राजापुर वडा नं.५ पहाडीपुर देखि वडा नं. १० लालपुर सम्म सडक कालोपत्रे | २०८१।०३।२१ | ४५५४०९५७।१९ | ३१६९६५०। | ३९ | |
| ५ | जोगिपुर देखि वडा नं.५ को त्रिवेणीबजार हुदै वडा नं.२ बर्गदही सम्म सडक कालोपत्र | २०८१।०३।१० | २३०४९१६०।०६ | ५८६९०४७।९४ | २५ | |
| ६ | चैनपुर देखि पुरैना हुदै वडा नं.८ भोगपुर सम्म सडक कालोपत्रे | २०८१।०३।२० | २२५०५७९५।५२ | ३६२९०८४।३१ | १६ | |
| ७ | टेडिया चोक देखि मुरैयासम्म जाने सडक कालोपत्रे वडा नं.३का | २०८१।०३।२० | १८२४०३९९।६२ | २००४०४९।७१ | ११ | |
| ८ | स्वामिचोक देखि दक्षिण राजापुर रिडग रोड जाने सडक स्तरोन्ती वडा नं. १० | २०८१।०२।३० | ३६८८५९५।६२ | २९१९३४९।८८ | ८० | |
| ९ | झवही चर्चको अधुरो संरचना निर्माण | २०८१।०३।१० | १६६७९७८।८९ | १६३४७५७।८८ | १०० | |
| १० | वडा नं.१ वडा कार्यालय जाने सडक कालोपत्रे (चौथो रनिडग विल भुक्तानी) | २०८१।०३।२१ | १११६२३६८।३६ | २५,१२,९५०।७० | ९० | |
| ११ | टेडिया दलैकुलो काँधमा कल्भर्ट निर्माण | २०८१।०३।२१ | २७१०३९८।३९ | २६०३०४।३९ | १०० | |
| १२ | हयुमपाईप खरिद तथा जडान | २०८१।०३।२० | ११७७९१५।६४ | ११७१७१।५९२ | १०० | |
| १३ | वडा नं. ९ गोडियाना देखि दुर्गानगर हुदैं नेपाल-भारत सीमाना सम्म सडक कालोपत्रे | २०८१।०३।१७ | १०६९७७३४।०२ | १४११०१९।७० | ३० | |
| १४ | सोहिलि गाँउ वडा नं.६ बर्का कुलोमा कल्भर्ट निर्माण | २०८१।०२।३१ | ७४०८८३।२१ | ७४०४६३.८० | १०० | |
| १५ | चैनपुर देखि गेरुवा राजापुर सिमानासमम क्रमागत सडक कालोपत्रे फेज २ | २०८१।०२।३१ | १०५२६९१४।७४ | १०९४८६८।३० | ७५ | |
| १६ | पहाडीपुर देखि वडा नं. १० लालपुर सम्म सडक कालोपत्र निर्माण फेज २ | २०८१।०३।७ | ४,१८,८६,०४०।५७ | १७८२६८८४।९३ | ३९ | |

## २.१.५ फोहरमैला व्यवस्थापन

| क.सं | योजना को नाम | अनुगमन मिति | विनियोजित बजेट रु. | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | |

प्रतिवेदन अवधिमा फोहरमैला व्यवस्थापन सम्बन्धि कुनै पनि प्रकारका कार्यको अनुगमन नभएकोले यहाँ उल्लेख गरिएको छैन ।

## २.१.६ वातावरण तथा जलवायु परिवर्तन

| क.सं | योजना को नाम | अनुगमन मिति | विनियोजित बजेट रु. | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | |

प्रतिवेदन अवधिमा फोहरमैला व्यवस्थापन सम्बन्धि कुनै पनि प्रकारका कार्यको अनुगमन नभएकोले यहाँ उल्लेख गरिएको छैन ।

## २.१.७ भवन तथा वसती विकास उपशाखा

| क.सं | योजनाको नाम | योजना स्थाल ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु. | खर्च रकम रु. | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|---|
| १ | कान्जी हाउस निर्माण | वडा नं. ४ | २०८१।०३।२४ | ४९६९४० | १२७८१९।२१ | २६ | |
| २ | ललिता मा वि प्राबिधिक भवन निर्माण | वडा न.८ | २०८१।०३।२२ | १४१२००९।९२ | ३७५०७३।८९ | २६ | |
| ३ | गणेस्थान मन्दिरको धर्मशालाको अधुरो संरचना निर्माण | वडा नं. ४ | २०८१।०२।२१ | ९९३९९१।८९ | ९७९४८१।८२ | १०० | |
| ४ | वडा कार्यालय भवन निर्माण | वडा नं.३ | २०८१।०२।३१ | ६०९५८७५।५९ | ५३६७५२५।४० | ८८ | |
| ५ | बर्थिडग सेन्टर पर्खाल निर्माण | वडा न.८ | २०८१।०२।२० | ११७६९८८।०२ | २५५८४७।४८ | २१ | |
| ६ | श्री कालिका मा.वि. दुई कोठे भवन निर्माण | वडा न १ | २०८१।०३।१३ | २२५२७६१।२ | २२२४६२७।१० | १०० | |
| ७ | सुरक्षित आवास निर्माण कार्यक्रम समपुरक कोष | वडा नं. ८ | २०८१।०३।०४ | ५२००६१३।३७ | ४७९८५९९।३७ | १०० | |
| ८ | सुरक्षित आवास निर्माण कार्यक्रम समपुरक कोष | चमकपुर ०५ | २०८१।०३।०४ | ४०३९२६८।२१ | ३६९२२०३।२२ | १०० | |
| ९ | बर्थिडग सेन्टर भवन निर्माण | वडा नं.३ | २०८१।०२।३० | २३६९६७४।५७ | १५०७६८५।९५ | १०० | |
| १० | जोगिपुर राधाकृष्ण मन्दिरको फिल्डमा टिनको निर्माण | वडा नं.६ | २०८१।०३।१९ | ८१४८८९।४३ | ८१४८८९।४३ | १०० | |
| ११ | वडा कार्यालय भवन निर्माण ६ | वडा नं.६ | २०८१।०२।३१ | ६२५४६१९ | १३,८८,२४५।३९ | १०० | |
| १२ | वडा कार्यालय जाने बाटो कालोपत्र | वडा नं.१ | २०८१।०३।२१ | २३३२००५।४० | ९९६४०५।९८ | ५७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | बादल थारुको घर देखि कालुराम थारुको घर सम्म ग्राभेल सडक मर्मत | वडा नं. ४ | २०८१।०३।२० | १४९३२१२।८७ | १४४४४८०।२९ | १०० | |
| १४ | सरस्वती पदम प्रा.वि. देखि उत्तर लडुवा समुदायिक वनको सिमान सम्म ग्राभेल सडक मर्मत | वडा नं. ४ | २०८१।०३।२० | २४९६५७६।४८ | २२२८६३३।९६ | १०० | |
| १५ | डाँफे समुदायिक देखि पश्चिम रिडगरोड सम्मको सडक मर्मत | वडा नं. ४ | २०८१।०३।२० | ११९१८४४।४९ | १३४१३८०।७४ | १०० | |
| १६ | छेदिया रिडगरोड देखि समुदायिक भवन हुदै बृद्धिसिंह थारुको घर सम्म ग्राभेल सडक मर्मत | वडा नं. ४ | २०८१।०३।२० | २४९८३२४।७९ | २४५९४३४।४४ | १०० | |
| १७ | ने.रा.मा.वि. नयाँगाँउको अधुरो भवन निर्माण | वडा नं. २ | २०८१।०३।१२ | ३५४२३०१।३१ | ७५६३२७।३९ | ५५ | |
| १८ | दौलतपुर स्वास्थ्य भवन निर्माण | वडा नं. १ | २०८१।०३।१२ | ३५४०८५६ | १५८२३५५।०९ | ७५ | |
| १९ | अमर शहिद बहुमखी क्याम्पस राजापुर बर्दिया कक्षा कोठा तथा भवन रंगरोगन पर्खाल शौचालय | वडा नं. ४ | २०८१।०३।१० | ५५५५८९।७१ | ४९८८०२।०२ | १०० | |
| २० | छाडा गाई गोरु ब्यवस्थापन तथा गौशाला सन्चालन | वडा नं. १० | २०८१।०३।१२ | १२८३७४३।४३ | १०८४८०० | १०० | |
| २१ | प.कु.मा.बि.को अधुरो ब्याडमिन्टन कोर्ट निर्माण | वडा नं. ५ | २०८१।०३।५ | ६६८५७५७।६५ | ५९२०७६६ | १०० | |
| २२ | रमेश रेग्मीको घर दक्षिण पूर्व सडक सुनिल शर्माको जग्गा सम्म स्तरोउन्नी सहित सडक स्तरोन्नती, राजापुर ४ घुम्ना गाँउ मोहन थारुको घर देखि दक्षिण तर्फ सडक स्तरोन्नती , राजापुर ४ घुम्ना गाँउ राम बहादुर थारुको घरदेखि पूर्व मुरकटा पक्का पुल समम सडक स्तरोन्नती(क्रमागत), राजापुर ४ संघर्षनगर राम बहादुर थारुको घरको उत्तर तर्फ पर्ने खाल्डो | वडा नं. ४ | २०८१।०३।५ | ७९६२०९।६८ | ७१६५७६।२९ | १०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पटानी सहित सडक स्तरोन्नती , राजापुर ४ दलै गाँउ गोपी थारुको घर देखि नर्सरी सम्म सडक स्तरोन्नती (क्रमागत) | | | | | | |
| २३ | आनन्दनगरको अधुरो सामुदायिक भवन निर्माण | वडा नं. १० | २०८१।०३।७ | ५२६४६१।४९ | ४७९५००। | १०० | |
| २४ | वडा कार्यालय घेरा पर्खाल निर्माण | वडा नं. १० | २०८१।०३।७ | ९८५६६६।८४ | ९,८५,४१९।९१ | १०० | |
| २५ | वडा कार्यालय घेरा पर्खाल निर्माण | वडा नं. ४ | २०८१।०३।७ | १४२२५४८।४७ | **८५१५६८।४९** | ७५ | |

नगरपालिकाबाट वडा कार्यालय, सामुदायिक भवन र प्रसुति भवन, वडा कार्यालय,स्वास्थ्य भवन, विद्यालय भवन ,पर्खाल निर्माण जस्ता संरचनाहरु निर्माण र मर्मत भएको देखिन्छ । सामुदायिक भवन उपभोक्ता समिति मार्फत निर्माण सम्मन्न भएका तर उक्त संरचनाहरु बालमैत्री, अपाङ्गमैत्री नभएको देखिएकोले आगामी दिनमा यसमा ध्यान दिनुपर्ने देखिन्छ ।

## २.१.८ ऊर्जा एवमं विद्युतिकरण

| क.सं | योजना को नाम | अनुगमन मिति | विनियोजित बजेट रु. | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | |

प्रतिवेदन अवधिमा फोहरमैला व्यवस्थापन सम्बन्धि कुनै पनि प्रकारका कार्यको अनुगमन नभएकोले यहाँ उल्लेख गरिएको छैन ।

## २.१.९ पर्यटन प्रवर्द्धन एवमं साँस्कृतिक सम्पदा

| क.सं | योजनाको नाम | योजना स्थाल ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु. | कुल खर्च रकम रु | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|---|
| १. | अर्नहवा तालको डिल निर्माणका लागी हेम्पाइप खरिद तथा जडान | वडा नं. ८ | २०८१।०३।१४ | २००६८९ | १९८७९० | १०० प्रतिशत | |
| २. | गणेस्थान मन्दिर को धर्मशालाको अधुरो संरचना निर्माण | वडा नं. ८ | २०८१।०३।२३ | ९९३९९१.८९ | ९७९४८१.८२ | ९९ | |
| ३ | जोगिपुर राधाकृष्ण मन्दिरको फिल्डमा टिनको टहरा निर्माण | वडा नं. ६ | २०८१।०३।२० | ८४९६६२.८८ | ८१४८८९.४३ | ९९ | |
| ४ | कोठियाघाट पिक्निक स्पोर्ट | वडा नं. १० | २०८१।०१।२२ | ४४९०८७३९ | १९४२७७२२ | ६५ | |

साँस्कृतिक सम्पदा अर्न्तगत मन्दिरहरुको निर्माण, मर्मत तथा जिर्णोदार तथा प्रचार प्रसार गर्ने कार्य भएको देखिन्छ । त्यसैगरी निर्माणको पर्यटन विकासका लागि बजेट विनियोजन भएको र उक्त उद्यान निर्माण सम्पन्न भइसकेको छ । अनुगमन सम्पन्न भएको सम्पूर्ण योजनाहरुको भौतिक प्रगति ६५ देखि ९५ प्रतिशत रहेको छ ।

## २.१.१० कृषि विकास शाखा

### राजापुर नगरपालिका कृषि विकास शाखाको अनुगमन प्रतिवेदन

**स्थानीय बजेट**

| क्र.सं. | बार्षिक बजेट तथा कार्यक्रम | शिर्षक नं. | विनियोजित रकम | खर्च रकम | बाँकी मौज्दात | भौतिक प्रगति प्रतिशत | अनुगमन |
|---|---|---|---|---|---|---|---|
| १ | **मागमा आधारित कृषि कार्यक्रम** | ४ | ४००००० | २९३२८० | १०६७२० | क.प्लाष्टिक टनेल-३५ थान<br>ख. स्प्रे ट्याङकी-३७ थान<br>ग. विधुतिय मोटर-१० थान<br>घ. फलामे ड्रम सेट-१ थान<br>ङ. क्यारेट-६ थान<br>च. कालो प्लास्टिक-६ के.जी.<br>छ. केराको विरुवा – २००० वटा<br>ज.कागतीको विरुवा – ५ वटा<br>जम्मा ८९ जना कृषक/कृषक समुहलाई | २०८०/१२/२३ |
| २ | **५०% अनुदानमा धानको विज वृद्धि कार्यक्रम** | २ | १३००००० | ४७८०१८ | ८२१९८२ | क.मकवानपुर -८५ बोरा<br>ख.साँवा मसुली सव १ – ३३ बोरा<br>ग.बहुगुणी २ -२२८ बोरा<br>२३५ जना व्यवसायक धान खेती गर्ने कृषकलाई र ३७ वटा कृषक समुहलाई वितरण | २०८१/०१/२७ |
| ३ | **५०% अनुदानमा गहुँको विज वृद्धि कार्यक्रम** | ३ | ४००००० | ३२२७६६ | ७७२३४ | बि.एल४१४१ -१०० बोरा<br>आदित्य – १०० बोरा<br>विजय – २६ बोरा<br>प्रत्क्षेय लाभग्राही कृषक २२६ जना | २०८०/०८/१० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | **मौसमी तथा बेमौसमी तरकारी खेती प्रवर्धन कार्यक्रम (५०% महिला)** | १ | ५००००० | ४१८८३५ | ८११६५ | क.काक्रो – ६ के.जी<br>ख.करेला – ५ के.जी<br>ग.भिण्डी – १० के.जी<br>घ. बोडी – १० के.जी<br>ङ. फर्सि - ५ के.जी<br>च.लौका – ५ के.जी<br>छ. घिरौला – ५ के.जी<br>प्रत्क्षेय लाभग्राही कृषक – २९१५ जना | २०८०/११/०३ |
| ५ | **च्याउ खेती प्रवर्धन कार्यक्रम** | ५ | ३००००० | १७४६३४ | १२५३६६ | क.च्याउको बीउ २०० ग्राम - २२८० पाकेट<br>ख.च्याउको बीउ ४०० ग्राम –१६७१ पाकेट<br>प्रत्क्षेय लाभग्राही कृषकहरु –७१८ जना | २०८०/०६/१६ |
| ६ | **आकस्मिक वाली संरक्षण कार्यक्रम** | ७ | ३००००० | १९४८५० | १०५१५० | क. कारटाप हाइड्रोक्लोराइड ४ प्रतिशत जि.आर (५०० ग्राम) -४०० प्याकेट,<br>ख. साफ ( २५ ग्राम)- ४०० प्याकेट<br>ग. साइपरमेथ्रिन(१०० एम.एल) –४०० बोटल<br>घ. मेन्कोजेव ७५ प्रतिशत डब्लु पी (100 gm) – ५०० प्याकेट<br>ङ. एजाडिराकक्टिन (५० एम.एल. ) –१०० बोटल<br>च. एल्लो स्टिकी ट्र्याप – ५०० पत्ता<br>छ. इमामेक्टिन बेन्जोएट (5 GM )-१४०० प्याकेट<br>ज. ट्राइकोड्र्मा भिरिडी –१०० बोटल<br>खीरद गरिएको छ | २०८१/०३/०२ |
| **जम्मा** | | | ३५००००० | १८८१३८३ | १६१८६१७ | ८५.७१ प्रतिशत | |
| **संघीय सर्शत अनुदान** | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | **सूचना प्रकाशन तथा उन्नत वीउ उपयोग अनुगमन निरिक्षण** | ३ | १५०००० | १४८२०० | १८०० | राजापुर नगरपालिकाको कार्यालय कृषि विकास शाखाको आ.व. २०८०/०८१ मा सञ्चालन भएको विभिन्न कार्यक्रमबाट विभिन्न कृषकलाई अनुदानमा वितरित कृषि सामाग्रीहरु र बालिहरुको वीउ अनुगमन निरिक्षण | २०८१/०२/२३ |
| २ | खाद्यान्न बालिको उन्नत विउ उपयोगमा मूल्य अनुदान कार्यक्रम (धान,गहुँ) | ४ | १०७५००० | ८१२२३०.५ | २६२७६९.५ | क. विजय गहुँको जात – १२५ बोरा<br>ख. आदित्य गहुँको जात – १०० बोरा<br>१३ वटा समूह र २१२ जना कृषकहरुलाई गहुँको वीउ वितरण गरियो ।<br>क. बहुगुणी धानको जात – ३९३ बोरा<br>ख. सावाँ मसुली सव १ – ८२ बोरा<br>६५ वटा समूहलाई ४६६ बोरा र ७ जना कृषकलाई ९ बोरा धानको वीउ वितरण गरियो । | २०८१/०१/२६ |
| ३ | आ.व.२०७९/०८० मा स्थापना भएको धान बालि पकेट विकास कार्यक्रमको निरन्तरता | ८ | ४९८००० | ४६४१३९.५ | ३३८६०.५ | क. पावरटिलर – ३ वटा<br>ख. प्लाष्टिक त्रिपाल – १४ थान<br>ग. **विद्युतिय मोटर – ३ थान**<br>घ. **क्याजह्विल – ३ सेट** | २०८१/०२/२१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ङ. **चार्जेबल स्पे टंकी –५ थान**<br>माथिका कृषि सामाग्रीहरु सरस्वती आई.पी.एम कृषक समूहको ३५ जना सदस्यहरुलाई वितरण गरियो । | |
| जम्मा | | | ३८००००० | २३०२०७० | १४९७९३० | ५५.५५ प्रतिशत | |
| प्रदेश सर्शत अनुदान | | | | | | | |
| १ | **बालि कटानी तथा रिपोटिङ्ग** | १ | ५०००० | ३२१६० | १७८४० | मसुरो बालि –१० वटा<br>गहुँ बालि – २० वटा<br>दश वटै वडाका ३० जना कृषकको खेतमा **बालि कटानी तथा रिपोटिङ्ग** गरियो | २०८०/१२/२६ |
| २ | प्रदेश कृषि/पशुपन्छी विकस कार्यक्रम अनुगमन तथा समन्वय | २ | १००००० | ९९५०० | ५०० | राजापुर नगरपालिकाको कार्यालय कृषि विकास शाखाको आ.व. २०८०/०८१ मा सञ्चालन भएको विभिन्न कार्यक्रमबाट विभिन्न कृषकलाई अनुदानमा वितरित कृषि सामाग्रीहरु र बालिहरुको वीउ साठै बालि कटानी अनुगमन निरिक्षण गरियो | २०८१/०२/११ |

## २.१.११ पशु सेवा शाखा

| क्र.सं. | योजनाको नाम | योजना स्थल ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु. | कुल खर्च रु. | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|---|
| १ | औषधी खरिद कार्यक्रम | राजापुर नगरपालिका, पशु सेवा शाखा | २०८०/०६/११ | ११०००००.०० | १००२१२०.०० | १००.००% | |
| २ | प्रति लिटर दुधमा रु.१.५/- अनुदान कार्यक्रम | राजापुर नगरपालिका, वडा नं.१, ४ र ६ | २०८१/०३/२१ | १००००००.०० | ४५८१३५.०० | १००.००% | |
| ३ | पशुपन्छी ब्यवसाय गर्न चाहने लघु उद्यमी श्रृजनाका लागि सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण (५०% महिला) | राजापुर नगरपालिका, वडा नं.१ र ९ | | ९०००००.०० | १०८३००.०० | | |
| ४ | पशुपन्छी खोप कार्यक्रम | राजापुर नगरपालिका, वडा नं.१ देखि १० | | २०००००.०० | ११९४७०.०० | १००.००% | |
| ५ | "ग" र "घ" वर्गका अपाङ्गता भएका विपन्न वर्गका ब्यक्तिहरुका लागि ग्रामिण कुखुरा | राजापुर नगरपालिका, वडा नं.१ देखि १० | २०८०/१२/१४ | ४०००००.०० | ३९९९२५.०० | १००.००% | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रवर्द्धन कार्यक्रम (५०% महिला) | | | | | | |
| ६ | हरियो घाँस विस्तार कार्यक्रम (बर्षिम घाँसको बीउ तथा मकैचरी घाँसको बीउ वितरण) | राजापुर नगरपालिका, वडा नं.१ देखि १० | | ८२८०००.०० | ७८४६००.०० | १००.००% | |
| ७ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | राजापुर नगरपालिका, पशु सेवा शाखमा | | १६००००.०० | ५३७२५.०० | १००.००% | |
| ८ | डेरि तथा मासु पसल सुधार | राजापुर नगरपालिका, वडा नं.५ र ८ मा | | ४०००००.०० | १७४०६५.०० | १००.००% | |
| ९ | बाखाखोर निर्माण | रा न पा भित्र | २०८१।०३।२१ | ३५८२११.१४ | ३५२५१०.५४ | १००.००% | |

कृषि तथा पशु सेवा शाखा अर्न्तगतका कार्यक्रमहरु सम्बन्धित शाखाको कर्मचारीसँगको निगरानीमा हुने गरेको र प्राविधिक सल्लाह बमोजिम काम सञ्चालन भएकोले गुणस्तरीय काम भएको देखिन्छ। सम्पन्न योजनाहरुको भौतिक प्रगति ८० देखि ९५ प्रतिशत रहेको छ।

## २.१.१२ आर्थिक विकास शाखा

| क.सं | योजनाको नाम | योजना स्थाल ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु. | खर्च रकम रु. | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|---|
| १ | घाईते तथा अपाडगहरुलाई सिप विकास तथा जिबिको पार्जन कार्यक्रम अन्तर्गत(वडाका क्रान्तिका घाइेत तथा अपाडग वा निजहरुको परिवारलाई सिपमुलक तालिम) | रा.न.पा. | २०८१।०३।१७ | ५५५०००। | ५५५०००। | १०० | |
| २ | शहिद तथा बेपता परिवारका सदस्यहरुको घरमा बंगुरको खोर निर्माण | वडा नं. १,२,५,६,८ | २०८१।०३।२१ | ३,८३,०२८।२० | ३,५९०४४।३६ | १०० | |

आर्थिक विकास शाखा अर्न्तगतका कार्यक्रमहरु सम्बन्धित शाखाको जनप्रतिनिधिहरुको र कर्मचारीसँगको निगरानीमा हुने गरेको र मुल्यांकन र प्राबिधिक सल्लाह बमोजिम काम सञ्चालन भएकोले बितरण कार्यक्रको काम भएको देखिन्छ। सम्पन्न योजनाहरुको भौतिक प्रगति ९५ देखि १०० प्रतिशत रहेको छ।

## २.१.१३ रोजगार सेवा केन्द्र(प्रधानमन्त्री रोजगार कार्यक्रम)

**राजापुर नगरपालिका**

रोजगार सेवा केन्द्र

प्रधानमन्त्री रोजगार कार्यक्रम

नगरस्तरीय अनुगमन कार्यसम्पादन सहित प्रतिवेदन

| आ.व. २०८०।०८१ नगर उप प्रमुख मनकला कुमारी चौधरी ज्यूको संयोजकत्वमा तपसिल योजनाहरुको अनुगमन प्रतिबेदन रहेको ब्यहोरा अनुरोध गर्दछु | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि न | वडा नं | योजना | स्विकृत रकम | भुक्तानी रकम | प्रगति प्रतिशत | लागत नापजाँच (ल.) | वास्तविक नाप | योजना प्रकार | योजना संख्या | अनुमानित लाभग्राही संख्या | कार्य शुरु मिति | अन्तिम मिति | महिला | पुरुष | सहभागी संख्या | अनुगमन मिति |
| 1 | १ | सर्कुराम थारुको पसल दखि गेरुवा गाँउपालिकाको सिमाना सम्म बाटो स्तरउन्नती | १७५३५० | १६९००४ | 96.38095 | 250 | 270 | सडक | 1 | 775 | २०८०/१२/०९ | २०८०/१२/२२ | 17 | 5 | २२ | २०८०/१२/१९ |
| 2 | | कदम चोक देखि दिक्षण २ कि.मी चनौरा गाँउ सम्म बाटो विस्तार | ८९७७९२ | २७९२२४ | 31.10119 | 1200 | 460 | सडक | 1 | 900 | २०८०/१०/०९ | २०८०/११/३० | 0 | | | २०८०/१२/१९ |
| 3 | २ | ज्ञानदिप प्राावि बर्गदहीको सडक स्तरउन्नती २। नयाँगाँउ लम्कोली टोल बर्गदही कुलो देखि राधा कुमारीको घर सम्म सडक निर्माण | ८३४६६६ | ४७९२९० | 57.42297 | 1200 | 900 | सडक | 1 | 800 | २०८०/११/११ | २०८०/११/३० | 30 | 5 | ३५ | २०८०/१२/२ |
| 4 | ३ | उत्तर टेडिया पुनिराम थारुको घर देखि सम्झना थारुको घर सम्म सडक मर्मत | १८७०४० | ३४०६४ | 18.21215 | 250 | 75 | सडक | 1 | 500 | २०८०/११/२३ | २०८०/११/३० | 15 | 2 | १७ | २०८१/१/६ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 5 | | .सिन्दुरा बोक्सीनिय मोहर देखि प्रयागपुरको अन्तिम सम्म कुलो मर्मत २.प्रयागपुर जीवनलालको खेत देखि उत्तर देखि टेडियाको सिमाना सम्म पटवारी कुलो मर्मत ३. मुरैया बसन्ता कुलो मर्मत४. दक्षिण टेडिया रोविन थारुको खेत देखि बिनोद गौतमको खेत सम्म फराकिलो कुलो मर्मत ५. रजपुरवा कल्भर्ट देखि सोरको खेत सम्म कुलो मर्मत ६. तिघ्रा धुमरी कुलो मर्मत ७. चक्खापुर देखि प्रयागपुर सम्म कुलो मर्मत | ५५०९५९ | ३१८६३६ | 57.83298 | 5055 | 1177.6 | सिचाइ | 7 | 2500 | २०८०/१२/१ | २०८०/१२/३० | 0 | | | २०८१/१/७ |
| 6 | | पारी मुरैयाको रामपुरान घर देखि बसन्ताको सिमाना सम्म नयाँ बाटो निर्माण | ११२२२४ | ७९४९२ | 70.83333 | 150 | 150 | सडक | 1 | 985 | २०८१/०१/०२ | २०८१/०१/०८ | 0 | | | २०८१/०१/१३ |
| 7 | ४ | वडा नं ३ को सिमाना देखि वडा नं ७ को सिमाना सम्म झरन कुलो निर्माण मर्मत | ४६२८३० | १८०३६० | 38.96895 | 5120 | 2880 | सडक | 1 | 1100 | २०८१/०१/२० | २०८१/०१/२८ | 29 | 1 | ३० | २०८१/०२/२१ |
| 8 | | धन बहादुर डि.सी.को खेत देखि दक्षिण नरेशको खेत हुदै ७ नं.को सिमाना सम्म नयाँ बाटो स्तरउन्नती | २९९२६४ | २२०४४० | 73.66071 | 400 | 400 | सडक | 1 | 2100 | २०८१/०२/१ | २०८१/०२/११ | 0 | | | २०८१/०२/१३ |
| 9 | ५ | राम बहादुर थारुको घर देखि माघुराम थारुको घर सम्मको बाटो टयाक निर्माण २ । महादेव थारुको घर देखि वडा ना।३ न सिमाना सम्म बुढिकुलो ढिकिढिक नयाँ टयाक निर्माण | २९९२६४ | २६७२०० | 89.28571 | 595 | 595 | सडक | 1 | 800 | २०८०/१०/२२ | २०८०/११/१३ | 15 | 5 | २० | २०८०/१२/२५ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 10 | ५ | वडा नं.५ अन्तर्गतका योजना: दोश्रो चरणको सिचाई : १.कृणनगर देखि बन्जारीतारा सम्मको कुलो मर्मत २. रमेश दहितको खेत देखि बृद्धि चौधरीको खेत सम्मको कुलो मर्मत ३.छोटकी भौरा विचको कुलो मर्मत ४. छौटकी भौरा झरन मर्मत ५. बसनपुर्हान झरन मर्मत ६. चुरा ग्याँरा झरन मर्मत ७. हथिया कुठा झरन मर्मत ८. कमल चौधरीको खेत देखि सुरेश चौधरीको खेत सम्मको झरन मर्मत ९. गौरवको घर देखि फत्तेपुर कुलो सम्मको झरन मर्मत १०.धुम्रिकुलो सवै शाखा मर्मत ११. इम्लीपुर इन्टेक देखि फुलाराम थारुको घर सम्म बोक्सीन्या कुलो मर्मत १२.जोतपुरको सिमाना देखि भौराको चतिया सम्मको झरन मर्मत १३. गिरिजाको घर देखि स्कृल सम्मको झरन मर्मत १४.दैरामपुर देखि स्कृल सम्मको झरन मर्मत १५. ३ नं. को सिमाना(रजपुरुवा) देखि ४ नं को सिमान(शान्तीपुर) सम्मको बसन्ता कुलो मर्मत १६.बालुवातार जाने गल्लिकुलो स्तरउन्ती | ६४७९७६ | ५३४४०० | 82.47219 | 6471 | 6250 | सिचाइ | 16 | 1500 | २०८०/१२/१४ | २०८१/०१/२६ | 0 | | | २०८१/०२/०२ |
| 11 | ५ | वडा नं.५ अन्तर्गतका योजना: तेश्रो चरणको सिचाई : १.ढुम्री कुलो मर्मत २. शिव मन्दिर देखि कृष्ण नगर सम्मको गल्ली कुलो मर्मत ३.मैला डुर देखि चम्मकपुर सम्मको कुलो मर्मत ४. राम चन्द्र सिग्देलको घर देखि त्रिवेणी बजार सम्मको गल्ली कुलो मर्मत ५. रमेश पोखेलको घर देखि दक्षिण लोहार कुलो मर्मत ६. मुखियाजयपुर कुलो मर्मत ७. गमगमिया कुलो मर्मत ८.बोक्सीन्या कुलो मर्मत ९.बुढीकुलोबाट सरस्वती घिमिरेको खेत सम्मको कुलो मर्मत १०.राम नारायणको खेत सम्म बोक्सिनिया कुलोको शाखा मर्मत ११.रमेश पोखेलको खेत सम्म बाक्सीन्या कुलोको मर्मत १२.ठाडी कुलो मर्मत १३.गाँउले कुलो मर्मत १४.डुर कुलो मर्मत १५. ठुठी कुलो मर्मत १६.लौरंगान झरन मर्मत १७. दुवै तिर चतिया झरन मर्मत १८. पूर्व विचका बगिया झरन मर्मत १९. गाँउले झरन तथा नाली मर्मत | ७३८८०८ | ५३४४०० | 72.33273 | 7850 | 7035 | सिचाइ | 18 | 2000 | २०८१/१/२७ | २०८१/०३/०३ | 0 | | | २०८१/०३/०५ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 12 | ६ | वडा नं.६ अन्तर्गतका योजनाः तेश्रो चरण सिचाई : १.बेलुवा देखि जोगिपुर सम्म सिचाई कुलो मर्मत २. बेलुवा देखि जोगिपुर स्कृल हुदै जाने सिचाई कुलो मर्मत ३. बिक्रपुर सैतुको घर देखि काफलेको घर सम्मको कुलो मर्मत ४. कुनिया रिसमान थारुको देखि खैराहन घर सम्मको कुलो मर्मत | १२१५७६ | ९८१६६ | 80.74455 | 1800 | 1600 | सिचाइ | 4 | 2500 | २०८१/०२/०९ | २०८१/०२/२९ | 7 | 5 | १२ | २०८१/०२/३१ |
| 13 | | कुनिया गोकर्ण बुढाको घर देखि खैराहन घर हुदै मेलानाला सम्म झरन मर्मत २।बिक्रमपुरको इन्टेक देखि हुलाकी रोड सम्म कुलो मर्मत ३। जमुनाबोझी लौटनको घर देखि काफलेको घर सम्मको झरन मर्मत ४। जमुनाबोझी देखि बनियापुर सम्म कुलो तथा झरन मर्मत ५। वडा नं।५ को सिमाना देखि मानसिडग थारुको खेत हुदै किशोर राठौरको खेत सम्म झरन मर्मत | ५९८८२० | ४००८०० | 66.93163 | 3950 | 1280.6 | सिचाइ | 5 | 2500 | २०८०/११/२६ | २०८१/१/१८ | | | | २०८१/१/२२ |
| 14 | ७ | नेपाल भारत सिमानामा नयाँ सडक निर्माण | ४७६९५२ | २३९८१२ | 50.28011 | 850 | 630 | सडक | 1 | 765 | २०८०/९/२२ | २०८०/१०/२४ | 15 | 5 | २० | २०८०/११/२ |
| 15 | | शंकरपुर नजीक बुढीकुलो तटबन्धन | ८०००० | 50768 | 63.46 | 250 | 250 | जैविक | 1 | 765 | २०८०/११/०४ | २०८०/११/७ | | | | २०८०/११/११ |
| 16 | | रामपुर कालुराम थारुको घर देिख बेलासा लौटन थारुको घरसम्को नयाँ सडक मर्मत | १८७०४० | १३६२७२ | 72.85714 | 250 | 250 | सडक | 1 | 1000 | २०८१/१/२१ | २०८१/१/३१ | | | | २०८१/२/२ |
| 17 | ८ | ओस्ताजपुर गाँउ पुरानो टोलको अधुरो सडक िनर्माण २। डुवान क्षेत्रमा स्कूल चोक देखि दक्षिण रोइना थारुकोको घर सम्म उच्च बाटो निर्माण | ४७८८२२ | २४५४९० | 51.26957 | 640 | 534 | सडक | 1 | 665 | २०८०/०९/२० | २०८१/१०/१२ | 15 | 6 | २१ | २०८०/११/३ |
| 18 | | लिच्छराम भण्डारीको घर देिख ट्रान्सफरमर सम्म बाटो िनर्माण | ३२२६४४ | १८९३७८ | 58.69565 | 430 | 370 | सडक | 1 | 656 | २०८०/११/१ | २०८०/११/१४ | 0 | | | २०८०/११/१५ |
| 19 | ९ | .ितनघरुवा गाँउ िवर बहादुर थारुको घर हुदै दिक्षण भारतको िसमाना सम्म बाटो सडक स्तरोउन्नती | ४९०९८० | २१३७६० | 43.53741 | 1000 | 650 | सडक | 1 | 1000 | २०८०/१२/१ | २०८०/१२/१६ | 16 | 4 | २० | २०८०/१२/२७ |
| 20 | | इश्वरीगंज गाँउ र ितनघरुवा गाँउको िसमानामा पर्ने झरन मर्मत | २७४४८१ | १८७०४० | 68.14315 | 2500 | 1800 | सडक | 1 | 3000 | २०८०/१२/२४ | २०८१/१/८ | 0 | | | २०८१/१/१३ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 21 | १० | मझरा गाँउको टोल नं. २ देिख टोल नं. १ हुदै टोल नं. ५ सम्मको बाटोमा माटो पटानी | ७१०५२० | ५३४४०० | 75.21252 | 950 | 750 | सडक | 1 | 1200 | २०८०/११/१६ | २०८०/१२/२७ | 16 | 4 | २० | २०८१/१/३ |
| 22 | | भगतपुर गन्धैला नाला देखि डिमारकेशन मैलानाला सम्मको बाटोमा माटो पटानी | ६७३३४४ | ४००८०० | 59.52381 | 1200 | 950 | सडक | 1 | 2000 | २०८१/१/१ | २०८१/१/३१ | 0 | | | २०८१/२/२ |
| 23 | | तेश्रो चरणको भगतपुर मचान देखि झप्टी सम्म नयाँ बाटो निर्माण | ५०५००८ | ४००८०० | 79.36508 | 900 | 900 | सडक | 1 | 2000 | २०८१/0२/८ | २०८१/३/०५ | 0 | | | २०८१/३/०६ |
| | | | १०१२६३६० | ६१९३९९६ | | 43261 | 30157 | | 72 | | | | 175 | 42 | २१७ | |

रोजगार सेवा केन्द्र अर्न्तगतका कार्यक्रमहरु सम्बन्धित शाखाको कर्मचारीसँगको निगरानीमा हुने गरेको र प्राविधिक सल्लाह बमोजिम काम सञ्चालन भएकोले गुणस्तरीय काम भएको देखिन्छ। १ देखि १० वटा वडा तहमा करिव ७२ योजना सम्पन्न भएका छन। प्रत्यक्ष रुपमा बिपन्न परिवारका ब्यक्तिहरुलाई रोजगारमा सहभागी गराइएको देखिन्छ। साथै २१७ जना ब्यक्तीहरुलाई रोजगार प्राप्त गरेका थिए। करिब ३० कि.मी. जति सडक ,सिचाई र जैविक तटबन्धनको कार्य भएको थियो। लक्ष्य बमोजिमको कार्य सम्पन्न योजनाहरुको भौतिक प्रगति ९५ देखि १०० प्रतिशत रहेको छ।

## २.१.१४ महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा

| क.सं | योजनाको नाम | योजना स्थाल ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु. | कुल खर्च रु. | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

## २.१.१५ युवा तथा शिक्षा शाखा

| क.सं | योजनाको नाम | योजना स्थाल ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु. | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| १ | श्रीकिसान मा.वि.विद्यालयमा बिज्ञान प्रयोगशाला व्यवस्थापन | वडा न.१० | २०८१।०३।२१ | | १०० | |
| २ | श्री जनचेतना मा.वि.विद्यालयमा बिज्ञान प्रयोगशाला व्यवस्थापन | वडा न.१० | २०८१।०३।२१ | | १०० | |

## २.१.१६ स्वास्थ्य शाखा

| क.सं | योजनाको नाम | योजना स्थाल ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु. | | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

## भागः–३ प्रमुख उपलब्धिहरु

- आवधिक रुपमा योजनाको अनुगमन र सुपरीवेक्षण हुने हुँदा प्रस्तावित योजनाहरुलाई मनोमानिल्य रुपमा कार्यान्वयन गर्नमा कमी आएको
- उपभोक्ता समितिले प्राविधिकको प्रत्यक्ष निगरानीमा निर्माण कार्य गर्ने भएकोले उक्त काम गुणस्तरीययुक्त हुने गरेको
- अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस अनुरुप योजनाको भुक्तानी गर्ने प्रावधानले गर्दा गुणस्तरीय हुने गरेको
- दवाबको भरमा भुक्तानी गर्ने परिपाटिको अन्त्य भएको

## भागः–४ प्रमुख समस्याहरु

- टुक्रे योजनाहरुको संख्या धेरै भएकोले अनुगमन गर्न कठिनाइ हुने गरेको ।
- एउटै योजनाको नाममा धेरै ठाउँमा काम हुने भएकोले अनुगमनलाई चुस्त दुरुस्त गर्न नसकिएको ।
- अनुगमन कार्यमा वडास्तरका जनप्रतिनिधिको कम संलग्नता हुने गरेको र उपभोक्ता समितिको अध्यक्षलाई मात्र उक्त काममा जिम्मेवार बनाउने गरिएको ।
- अनुगमन तथा सुपरीवेक्षण समितिको बैठक निर्धारित समयमा नहुनु, बैठक भए पनि औपचारिकतामा सिमित रहनु ।
- निर्धारित समय र तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन प्रस्तुत गर्ने नगरेको ।
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको कार्यान्वयन नहुने ।
- अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रक्रियामुखी तथा कागजी प्रकृतिको हुनु ।
- अनुगमन तथा मूल्याङ्कन प्रणाली सहभागितात्मक नहुनु ।
- निष्पक्ष तथा वस्तुगत कार्य सम्पादन अनुगमन र मूल्याङ्कन गरी पुरस्कार, सुधार तथा दण्डको नीति अवलम्बन नगर्नु ।
- आधुनिक तथा वैज्ञानिक प्रविधिको प्रयोग अपेक्षित रुपमा हुन नसक्नु ।

## भागः–५ सिकाईहरु

- निश्चित समय तालिका अनुसार अनुगमन गर्दा दैनिक सेवा प्रवाहमा समस्या हुने गरेको ।
- उपभोक्ता समिति र निर्माण व्यवसायीलाई पूर्व सूचना गरेर अनुगमन गर्दा सम्पूर्ण सदस्यहरुसँग छलफल र पृष्ठपोषण गर्न सहज हुने गरेको ।
- अनुगमन कार्यमा समग्र समितिका सदस्यहरुको अनिवार्य उपस्थितीले भुक्तानी सिफारिसमा सहज हुने गरेको ।

## भागः–६ निष्कर्ष र सुझावहरु

### ६.१ निष्कर्ष

नेपालमा राजनितिक रुपान्रणको कार्य सम्पन्न भए पश्चात तीनै तहका सरकारहरुले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको अभ्यास गरिरहेका छन । तसर्थ सङ्घीयतको अभ्यास गर्ने क्रममा नगरपालिकाको अबको ध्यान आर्थिक, सामाजिक रुपान्तरणतर्फ केन्द्रित हुनुपर्ने वास्तविकतालाई हृदयंग म गर्दै शिक्षा, स्वास्थ्य, **कृषि, पर्यटन र भौतिक पूर्वाधार : समाबेशी र समृद्ध राजापुरको** मूल आधारको नारा तय गरेर त्यस दिशातर्फ नगरपालिका अघि बढ्न खोजिरहेको छ । विद्यमान शासन प्रणालीमा भएको रुपान्तरणसँगसँगै जनताका माग र अपेक्षा बढ्दै गएको सन्दर्भमा जनताले परिवर्तनको प्रत्यक्ष अनुभूती गर्ने गरी नगरपालिकाको समग्र विकास र प्रक्रियालाई अगाडि बढाउनु अति जरुरी देखिएको छ । अन्यथा नयाँ व्यवस्थाप्रति जनताको विश्वास र भरोसा विस्तारै घट्दै र हट्दै जान सक्छ । यसको परिणाम स्वरुप कठिन संघर्ष र बलिदानबाट प्राप्त गरेको नयाँ व्यवस्था पनि असफल हुन गई सिंगो देश नै असफल राष्ट्र बन्ने दिशातर्फ अघि बढ्न सक्छ । तसर्थ उपरोक्त सुझावहरुलाई ग्रहण गर्दै राजापुर नगरपालिकाको योजनाको कार्यान्वयन र अनुगमन एवमं मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

### ६.२ सुझावहरु

- स्तरीय तथा सहभागितात्मक अनुगमनमा जोड दिने ।
- अनुगमन पश्चात पृष्ठापोषण, पुरस्कार र दण्डको व्यवस्था गर्ने ।
- लागत, क्रियाकलाप र नतिजामूलक अनुगमनलाई फरक फरक स्तरमा राखी प्रतिफलमा नभई प्रभाव अनुगमनमा जोड दिने ।
- नतिजामूलक तथा प्रभावकारी अनुगमन, मूल्याङ्कन प्रणालीको विकास र अभ्यास गर्ने ।

- एकिकृत सूचना प्रणालीको विकास तथा अनुगमन मूल्याङ्कनको कार्यशैली, प्रक्रिया र संरचनामा परिवर्तन गरी स्वचालित संयन्त्रको निर्माण गर्ने ।
- अनुगमन तथा मूल्याङ्कन कार्यमा संलग्न जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्ने
- आयोजना कार्यक्रमहरुसँग सम्बन्धित निकाय र जनशक्तिको कार्य सम्पादन मूल्याङ्कनलाई आयोजनाको प्रगतिसँग आवद्ध गर्ने ।
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजालाई योजना, कार्यक्रम तथा आयोजना तर्जुमा, कार्यान्वयनमा पृष्ठपोषणको रुपमा प्रयोग गर्ने पद्धतिको विकास गर्ने ।
- स्वतन्त्र तथा तेस्रो पक्षबाट पनि अनुगमन तथा मूल्याङ्कन कार्यका लागि आवश्यकता अनुसार परिचालन गर्ने ।
- सार्वजनिक सरोकारका आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनमा लाभग्राही सरोकारवालाहरुलाई समेट संलग्न गराउनु पर्ने ।
- सूचन प्रविधिको अधिकतम प्रयोग गर्नुपर्ने, वेवमा आधारित तथा स्वचालित अनुगमन प्रणालीको विकास र विस्तार गर्ने । आगामी दिनहरुमा योजनाको अनुगमन गर्दा क्यकितष्अभ एपको प्रयोग गरेमा प्रभावकारी अनुगमन हुन जाने र तत्काल प्रतिवेदन पनि स्वत: निर्माण हुने हुँदा यो मोबाइल एप्सको प्रयोग गर्दा उपयुक्त हुने ।
- अनुगमन, मूल्याङ्कनको लागि निश्चित बजेट विनियोजन गर्नु पर्ने कानूनी व्यवस्था गर्नुपर्ने ।
- हरेक विषयगत शाखाले वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गर्नुपर्ने ।

## अनुसूचीहरु

**अनुसूची १:** अनुगमन तथा सुपरीवेक्षण समितिका पदाधिकारीहरु

| क.सं | नाम थर | लिङ्ग | पद | कैफियत |
|---|---|---|---|---|
| १ | मनकला कुमारी चौधरी | महिला | संयोजक | नगर उपप्रमुख |
| २ | शिवलाल थारु | पुरुष | सदस्य | पूर्वाधार विकास समितिका संयोजक |
| ३ | दशरथ बुढा | पुरुष | सदस्य | प्र.प्र.अ. |
| ४ | सम्बन्धी वडाका वडा अध्यक्षहरु | पुरुष | सदस्य | वडा अध्यक्ष |
| ५ | बसन्त मल्ल | पुरुष | सदस्य | लेखा अधिकृत |
| ६ | शंकर प्रसाद भटराई | पुरुष | सदस्य | इन्जिीनियर |
| ७ | आभाष चौधरी | पुरुष | सदस्य | इन्जिीनियर |
| ८ | रमेश कुमार पोखेल | पुरुष | सदस्य सचिव | रोजगार संयोजक |

तयार गर्ने

रमेश कुमार पोखेल

सदस्य सचिब

अनुगमन तथा सुपरीवेक्षण समिति

प्रतिवेदक

मनकला कुमारी चौधरी

संयोजक

अनुगमन तथा सुपरीवेक्षण समिति

## अनुसूची २: स्थलगत अनुगमन गर्दा योजनाको तस्वीरहरु

योजनाहरुको अनुगमनमा नगर प्रमुख ज्यू,नगरउपप्रमुख ज्यू र समबन्धी वडाका वडा अध्यक्ष ज्यूहरु साथै प्र.प्र.अ.लगायत सहभागीहरु द्वारा गरीएको केही तस्वीरहरु :












































